**MEDIA ADVISORY**

UNITED NATIONS HUMAN RIGHTS SPECIAL PROCEDURES
SPECIAL RAPPORTEURS, INDEPENDENT EXPERTS & WORKING GROUPS

# संयुक्त राष्ट्रसङ्घका मानवअधिकार विज्ञले गरिबीको समीक्षा गर्न नेपालको भ्रमण गर्दै

जेनेभा (२४ नोभेम्बर २०२१) -चरम गरिबी र मानवअधिकारका लागि राष्ट्रसङ्घीय विशेष प्रतिवेदक ओलिभिए डे स्वतरले गरिबी उन्मूलनका लागि सरकारले गरेका प्रयासहरूको मुल्याङ्कन गर्न आगामी २९ नोभेम्बर देखि ९ डिसेम्बरसम्म नेपालको भ्रमण गर्दैहुनुहन्छ ।

"बहुआयामिक गरिबी घटाउन नेपालले उल्लेखनीय कदमहरू चालेको छ," गरिबी तथा मानवअधिकारको अनुगमन, प्रतिवेदन प्रस्तुत र परामर्श दिन मानवअधिकार परिषद्द्वारा नियुक्त स्वतन्त्र विज्ञ डे स्वतरले भन्नुभयो । "त्यसलाई सन् २०२४ सम्म थप पचास प्रतिशतले घटाउने र जनसङ्ख्याको ६० प्रतिशत जनतालाई कुनै प्रकारको सामाजिक सुरक्षाको दायरामा ल्याउने सरकारको प्रतिबद्धताको म स्वागत गर्दछु । ती लक्ष्यहरूतर्फको प्रगतिको समीक्षा गर्न र गरिबीमा रहेकाहरूलाई सरकारले कसरी सबैभन्दा उत्तम तरिका सहयोग पुऱ्याउन सक्छ भन्ने बारेमा सिफारिसहरू प्रस्तुत गर्ने अवसर मेरो भ्रमणले प्रदान गर्नेछ ।"

नेपाल कोभिड-१९ महामारी, बाढी तथा पहिरोबाट पुर्नलाभ गर्नेतर्फ लाग्दै सबैभन्दा जोखिममा रहेका व्यक्तिहरूको संरक्षणका लागि संवैधानिक प्रावधानहरूको कार्यान्वयनतर्फ अग्रसर हुँदै गर्दा डे स्वतरले सामाजिक सुरक्षा प्रणालीको पर्याप्तताको समीक्षा गर्ने योजना बनाउनु भएको छ, जसमा देशका अनुमानित ७७ प्रतिशत अनौपचारिक श्रमिकहरूका लागि संरक्षणहरूको व्यवस्था समावेश छ । अन्य विषयहरूमा नेपालले विना कुनै भेदभाव भूमिमाथिको पहुँचलाई कसरी प्रत्याभूत गरेको छ र गरिबीबाट तुलनात्मक रुपमा बढी प्रभावित समूहहरूको अवस्था के-कस्तो रहेको छ लगायत रहेका छन् ।

डे स्वतर काठमाडौंमा र कर्णाली तथा लुम्बिनी प्रदेशका साथै प्रदेश २ मा आयोजना हुने नीतिगत गोलमेच छलफल तथा वैठकहरूमा सहभागी हुनुहुनेछ । उहाँले केन्द्रीय तथा स्थानीय सरकारी पदाधिकारी, गरिबीबाट प्रभावित व्यक्ति र समुदायका साथै अन्तर्राष्ट्रिय र नागरिक समाजका संस्थाहरूसँग भेटघाट गर्ने कार्यक्रम रहेको छ । भ्रमणको प्रारम्भिक तालिका यहाँ उपलब्छ छ ।

विशेष प्रतिवेदकको भ्रमण मिसन अघि गरिएको विस्तृत अध्ययन तथा अनुसन्धानमा आधारित छ, जसमा सार्वजनिक रुपमा उपलब्ध सूचनाको समीक्षा, नेपाली संघसंस्था र विज्ञहरूसँग ३० वटा भन्दा बढी अग्रिम परामर्श तथा छलफलहरू, र अनुसन्धानकर्ता, नागरिक समाज, अन्तर्राष्ट्रिय संस्था र अन्यबाट प्राप्त लिखित आवेदनलगायत छन् ।

भ्रमणको अन्त्यमा, विशेष प्रतिवेदकले आफ्नो प्रारम्भिक निष्कर्ष तथा सिफारिसहरू एउटा **पत्रकार सम्मेलन**मार्फत प्रस्तुत गर्नुहुनेछ, जसको आयोजना प्रत्यक्ष प्रसारणसहित ९ डिसेम्बर २०२१ दिन स्थानीय समयअनुसार मध्यान्ह १२:०० बजे भौतिक रुपमा हुनेछ । सम्मेलनमा भौतिक पहुँच

सञ्चारकर्मीहरूका लागि मात्र सीमित हुनेछ, र त्यसबारे जानकारी अग्रिममै उपलब्ध गराइनेछ । यससम्बन्धमा विस्तृत जानकारी विशेष प्रतिवेदकको वेबसाइटमा पनि उपलब्ध हुनेछ ।

विशेष प्रतिवेदकको पूर्ण प्रतिवेदन जेनेभास्थित राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा जुन २०२२ मा प्रस्तुत गरिनेछ ।

समाप्त

*ओलिभिए डे स्वतर १ मे २०२० मा राष्ट्रसङ्घीय मानवअधिकार परिषद्द्वारा चरम गरिबी र मानवअधिकारसम्बन्धी राष्ट्रसङ्घीय विशेष प्रतिवेदक नियुक्त हुनु भएको हो । विशेष प्रतिवेदकहरू मानवअधिकार परिषद्को विशेष कार्यविधिहरूअन्तर्गत पर्दछन् । राष्ट्रसङ्घीय मानवअधिकार प्रणालीमा स्वतन्त्र विज्ञहरूको सबैभन्दा ठूलो निकायका रुपमा रहेको विशेष कार्यविधिहरू विश्वका सबै क्षेत्रमा कुनै देशको खास अवस्था वा विषयगत मुद्दालाई सम्बोधन गर्ने परिषद्को स्वतन्त्र तथ्य अन्वेषण तथा अनुगमन संयन्त्रको नाम हो । विशेष कार्यविधिका विज्ञहरूले स्वयंसेवी रुपमा काम गर्छन् ; उनीहरू राष्ट्रसङ्घका कर्मचारी होइनन् र आफ्नो कामका लागि पारिश्रमिक पाउँदैनन् । कुनै पनि सरकार वा संस्थाबाट उनीहरू स्वतन्त्र हुन्छन्, र आफ्नो व्यक्तिगत हैसियतमा काम गर्छन् ।*

*थप जानकारी र सञ्चार जिज्ञासाहरूका लागि, कृपया सिमरिका शर्मा( ९८४१५९२६९२,simrika.sharma@one.un.org ) र इसाबेल डेलफोर्ज( +32/498522163 isabelle.delforge@srpoverty.org )लाई वा media@srpoverty.org मा सम्पर्क गर्नुहोस् ।*

*विशेष प्रतिवेदकलाई ट्विटरमा @DeSchutterO र @srpoverty मा फलो गर्नुहोस् ।*

*अन्य राष्ट्रसङ्घीय विज्ञहरूका बारेमा थप सञ्चार जिज्ञासाका लागि कृपया रेनाटो रोसारियो डे सुजा (renato.rosariodesouza@un.org ) वा जेरेमी लउरेन्स (+ 41 79 444 7578 / jeremy.laurence@un.org )लाई सम्पर्क गर्नुहोस् ।*

Concerned about the world we live in?
Then STAND UP for someone's rights today.
#Standup4humanrights
and visit the web page at *http://www.standup4humanrights.org*